*छथर जोरपाटी गाउंपालिका, धनकुटा*
*प्रथम गाउंसभामा प्रस्तुत् बार्षिक नीति तथा कार्यक्रम, २०७४*
*(आ.ब.२०७४/०७५ को संशोधित तथा आ.ब २०७५/७६ को प्रस्तावित)*

प्रमुख अतिथि ...........ज्यु, विशेष अतिथि .........ज्यु, गाउंपालिका स्तरीय राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिज्युहरु, विभिन्न कार्यालय, संघ संस्थाबाट प्रतिनिधित्व गर्नु हुने प्रमुख एवं प्रतिनिधि ज्यूहरु, गाउंपालिकाका योजना तर्जुमा समितिका पदाधिकारीज्युहरु, विषयगत समितिका पदाधिकारीज्युहरु, सुपरीवेक्षण तथा अनुगमन समितिका पदाधिकारी ज्युहरु, विभिन्न गैह्र सरकारी संस्थाका प्रमुख एवं प्रतिनिधिज्युहरु, संचारकर्मी मित्रहरु तथा आमन्त्रीत समाजसेवी, बुद्धिजिवि ज्युहरु गाउं कार्यपालिकाको कार्यालयका कर्मचारी मित्रहरु लगायत रेडियो ................ मार्फत प्रत्यक्ष प्रसारण सुनि रहनु भएका सम्पुर्ण गाउंपालिकाका बासिन्दाहरु ।

आफ्नो कार्य व्स्तताका बाबजुद हाम्रो निमन्त्रणालाई स्वीकार गरि उपस्थित भई दिनु हुने सम्पुर्ण महानुभावहरु प्रति हार्दिक आभार एवं कृतज्ञता प्रकट गर्दै यस कार्यक्रममा हार्दिक स्वागत गर्न चाहन्छु ।

उपस्थित सम्पूर्ण आदरणीय महानुभावहरु तथा गाउंपालिकावासीहरु :

गाउंपालिका स्थापना पछिको पहिलो गाउंसभामा आ.व. ०७४/०७५ तथा ०७५/०७६ को बजेट/नीति तथा कार्यक्रमहरु यहांहरु माझ प्रस्तुत् गर्न पाउदा हर्ष र गौरवको अनुभुति महसुस भएको छ । यस समयमा म विभिन्न समयमा यो देशको राजनीतिक तथा सामाजिक परिवर्तनको लागि आफ्नो अमुल्य जीवन आहुति दिनु हुने महान शहिदहरुको संझना गर्दै हार्दिक श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

कोशि अन्चल, धनकुटा जिल्लामा अवस्थित तेह्रथुम, संखुवासभा र धनकुटा जिल्लाको संगम स्थलमा रहेको प्राकृतिक तथा भौगोलिक अवस्थितिको दृष्टिले अति रमणीय पर्यटकीय स्थलको रुपमा परिचित साविकका परेवादिन, तांखुवा, तेलिया र हात्तिखर्क गा.वि.स. मिलाई नेपाल सरकारकबाट मिति २०७३ फागुन २७ गते घोषणा भए अनुसार यस छथर जोरपाटि गाउपालिकाको सञ्चालन र व्यवस्थित गरिएको छ । यो गाउपालिका मध्य पहाडी लोक मार्ग र कोशि राजमार्गको संगम स्थल हुनुका साथै संखुवासभा, ताप्लेजुङ्ग, तेह्रथुम जिल्लाको तराई संगको प्रवेशद्धार हो । यस गाउंपालिकाको नामाकरण, भौगोलिक अवस्थित, लगायत दीर्घकालीन सोच, लक्ष्य, उद्धेश्य एवम् कार्यहरु तल उल्लेख गरिएको छ ।

## खण्ड क

- **भौगोलिक अवस्थिति र सिमाना :**

**अवस्थिति :**

| | |
|---|---|
| भौगोलिक अवस्था | पहाडै पहाड भएको, |
| क्षेत्रफल | १०२.८३ व.कि.मि. |
| कृषि क्षेत्र | ५५ प्रतिशत |
| गैर कृषि क्षेत्र | ४५ प्रतिशत |
| समुन्द्र सतह देखिको उचाई | २५०० मिटर सम्म |
| तापक्रम | ८ देखि ३४ डिग्री |
| औषत वर्षा | १०७० मिलिमिटर |

**सिमानाः**

पूर्व : छथर गाउंपालिका ,तेह्रथुम जिल्ला
पश्चिम : धनकुटा र पाखीवास नगरपालिका
उत्तरः महालक्ष्मी नगरपालिका, धनकुटा
दक्षिण : चौविसे र सांगुरीगढी गाउपालिका, धनकुटा

- **गाउंपालिकाको नामाकरण**

  अठारौ शताब्दीको मध्य तिर ६ थरी लिम्बुहरुको मूख्य बसोबास भएको यस क्षेत्रको हाल गाउंपालिकाको केन्द्र रहेको आशपासमा दुईवटा पाटी(विश्राम स्थल) भएको आधारमा छथर जोरपाटी गाउंपालिका नामाकरण गरिएको ।

- **गाउंपालिकाको प्रशासनिक विभाजन**


गाउँपालिका
कार्यपालिका
व्यवस्थापिका
वडा समितिहरु
कार्यपालिकाको कार्यालय
न्यायिक समिति
वडा कार्यालयहरु
वडा नं.१
वडा नं.२
वडा नं.३
वडा नं.४
वडा नं.५
वडा नं.६
सामान्य प्रशासन शाखा
राजस्व तथा अर्थिक प्रशासन शाखा
पुर्वाधार विकास तथा भवन नियमन शाखा
आर्थिक विकास शाखा
सामाजिक विकास शाखा
योजना, अनुगमन तथा तथ्यांक शाखा
क ) स्थानीय सेवा तथा जनशक्ति शाखा इकाई
ख) सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन इकाई
ग) स्थानीय तह, प्रदेश र संघसँगको सम्बन्ध र समन्वय तथा वडासँगको समन्वय
घ)नगर प्रहरी व्यवस्थापन
ङ) न्यायिक समितिको सचिवालय, न्याय, कानुन, मानव अधिकार प्रबर्द्दन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन इकाई
च) सुचना तथा सञ्चार प्रविधि विकास तथा विस्तार र एफ.एम. सञ्चालन इकाई
छ) बजार अनुगमन,गुणस्तर,नाप- तौल, खाद्य सुरक्षा र उपभोक्ता हित संरक्षण इकाई
ज) बैठक तथा विधायन इकाई
झ) आन्तरिक लेखापरीक्षण इकाई
क) राजस्व नीति तथा प्रशासन इकाइ
ख) आर्थिक प्रशासन इकाई
क) सडक तथा यातायात व्यवस्था इकाई
ख) भवन तथा भवन संहिता एवं निर्माण इजाजत (डिजाइन समेत )इकाई
ग) जग्गा नापी तथा घरजग्गा धनी पुर्जा, भू-उपयोग तथा वस्ती विकास इकाई
घ)जलविधुत, उर्जा,सडक वत्ती इकाई
ङ) वातावरण, पर्यावरण एवमं जलाधारक्षेत्र संरक्षण तथा फोहोरमैला व्यवस्थापन इकाई
च) विपद् व्यवस्थापन,वारुण यन्त्र, एम्बुलेन्स इकाई
छ) सार्वजनिक निजी साझेदारी इकाई
क) कृषि,पशुपन्छि तथा सहकारी इकाई
ख)वन, भू-संरक्षण, वन्यजन्तु, जलाधार, जडिबुटी तथा जैविक विविधता इकाई
ग)उधोग तथा उधमशिलता विकास र खानी तथा खनिज पदार्थको संरक्षण उधोग इकाई
घ)रोजगार प्रबर्द्दन तथा गरिबी न्यूनिकरण इकाई
क) आधारभूत तथा माध्यमिक शिक्षा इकाई
ख)खेलकुद तथा अतिरिक्त क्रियाकलाप इकाई
ग) आधारभूत स्वास्थ्य तथा सरसफाई
घ) खानेपानी व्यवस्थापन
ङ) लैंगिक समानता तथा सामाजिक सुरक्षा
च) गैह्रसरकारी संस्था परिचालन, समन्वय तथा नियमन
छ) सामाजिक सुरक्षा कार्यक्रम तथा व्यक्तिगत घटना दर्ता
ज)संस्कृति, सम्पदा, ललितकला तथा पर्यटन प्रवर्द्दन इकाई
क)योजना, तर्जुमा कार्ययोजना तयारी, उपभोक्ता समिति परिचालन
ख) अनुगमन र मुल्यांकन इकाई
ग) तथ्यांक व्यवस्थापन इकाई

- **गाउपालिकाका मुख्य नदी, खोला तथा तालतलैयाहरु :**

  तमोर नदी, तांखुवा खोला, तेलिया खोला, मांमाया खोला, ओखे खोला, थेपङ खोला, पापी खोला, भालु खोला, हांडी खोला, छावा खोला, सालाङदाङ्ग खोला, सिसुवा खोला, चांदी खोला, तीसमुरे खोला, वरे खोला, सांधी खोला, वाफे खोला आदि ।

- **दीर्घकालीन सोच (Vision)**

  **"कृषि पर्यटनको विकास र पूर्वाधार, समुन्नत छथर जोरपाटीको आधार"** जल, जंगल, कृषि, खानी, पर्यटन र शिक्षा को विकास गर्दै उच्च जीवनस्तर सहितको समृद्ध गाउपालिका निर्माण गर्नु गाउपालिकाको दीर्घकालीन सोच हुनेछ ।

- **दीर्घकालीन लक्ष्य (Mission)**

संघीय लोकतान्त्रिक प्रक्रियाको विकास गर्दै पारदर्शि व्यवहार, जनउत्तरदायित्व बोध र जनताको सहभागितामा आधारित उच्च, गुणस्तरीय र समुन्नत नागरिक समाजको स्थापना गर्ने यस गाउंपालिकाको दीर्घकालीन लक्ष्य रहनेछ ।

- **उद्धेश्यहरु (Goals)**

सार्भभौमसत्ता सम्पन्न जनतालाई शासन प्रक्रियामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई लोकतन्त्रका लाभहरुको उपयोग गर्नसक्ने व्यवस्था गर्ने । आफ्नो क्षेत्र विकासको लागि श्रोतसाधनको परिचालन, विनियोजन र विकासको प्रतिफलको सन्तुलित तथा समान वितरणमा सामाजिक समानता ल्याउने कार्यमा जनजाति, आदिवासी, दलित र सामाजिक तथा आर्थिक दृष्टिकोणले पिछडिएका वर्ग समेतका समग्र जनताको सहभागितामा अभिबृद्धि गर्दै विकास प्रक्रियालाई संस्थागत गर्ने । योजनाहरुको तर्जुमा संचालन गर्न आवश्यक जिम्मेवारी र अधिकार स्थानिय स्तरमा नै प्रदान गरि जवाफदेही बहन गर्नसक्ने स्थानिय तहहरुको संस्थागत बिकास गर्ने । स्थानिय नेतृत्वको विकास गरि जनताको दैनिक आवश्यकता तथा जनजीवनलाई असर पार्ने विषयहरुमा निर्णय गर्नसक्ने गरि स्थानिय स्वायत्त शासन पद्धतिको बिकास गर्ने ।

- **प्रमुख कार्यहरु**

**गाउंसभाको निर्णय र निर्देशनहरु कार्यान्वयन गर्नु, गराउनुको अतिरिक्त गाउंपालिका क्षेत्रमा देहायका कार्यहरु गरिने छ**

**क) अर्थ सम्बन्धी**

१) गाउंपालिकाको वार्षिक बजेट, योजना र कार्यक्रमहरु तयार गरि गाउंसभामा पेश गरिनेछ ।
२) आय व्ययको लेखा र तत्सम्बन्धी अन्य कागजातहरु अद्यावधिक रुपमा राखिनेछ ।
३) स्वीकृत बजेटको परिधिभित्र रही गाउंपालिकाको निर्णय कार्यान्वयन गर्न रकम खर्च गरिनेछ ।
४) गाउंसभाले स्वीकृत गरेको कर, दस्तुर, शुल्क आदि उठाईनेछ ।

**ख) भौतिक विकास सम्बन्धी**

१) गाउंपालिका क्षेत्रको भु-उपयोग नक्सा बनाई औद्योगिक, आवासीय, कृषि, मनोरञ्जन स्थल आदि क्षेत्र तोक्ने र कार्यान्वयन गर्ने/ गराईनेछ ।
२) गाउंपालिका क्षेत्रमा आवास योजना बनाई कार्यान्वयन गर्ने/ गराईनेछ ।
३) गाउंपालिका क्षेत्रमा खानेपानी र ढल निकाससम्बन्धी योजना कार्यान्वयन गर्ने तथा त्यसको संचालन र मर्मत सम्भार गर्ने /गराईनेछ ।
४) गाउंपालिका क्षेत्र भित्रका विभिन्न ठाउँहरुमा हरियो क्षेत्र, उद्यान र मनोरञ्जन स्थलहरुको बिकास गर्ने/गराईनेछ ।
५) गाउंपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा सार्वजनिक शौचालयको व्यवस्था गर्ने /गराईनेछ ।
६) गाउंपालिका क्षेत्रमा निर्माण गरिने घर, भवन आदिको नक्सा पास गर्ने /गराईने साथै बनि सकेका घरहरुको अभिलेखिकरण गर्ने /गराईने छ ।
७) गाउंकार्यपालिका कार्यालय, वडा कार्यालय/सामुदायिक भवन तथा विश्राम गृह बनाउने/मर्मत गर्ने प्रवन्ध मिलाईनेछ ।

**ग) जलस्रोत, वातावरण र सरसफाइ सम्बन्धी**

१) गाउंपालिका क्षेत्रमा रहेका खोलानाला, कुवा, इनार, पोखरी, तलाउ र ढुङ्गेधारा आदिको संरक्षण गरि सदुपयोग गर्ने /गराईने छ।
२) गाउंपालिका क्षेत्रमा सिँचाई योजना बनाई कार्यान्वयव गर्ने /गराईने छ।
३) गाउंपालिका क्षेत्रका सम्भावित नदी, कटान, बाढी तथा भु-क्षय आदिको नियन्त्रण र रोकथाम गरिने/गराईने छ।
४) गाउंपालिका क्षेत्रमा हुने जल, वायु तथा ध्वनी प्रदुषण नियन्त्रण गरि वातावरण संरक्षण गरिने/गराईनेछ।
५) गाउंपालिका क्षेत्रका वन, वनस्पति तथा अन्य प्राकृतिक सम्पदाको संरक्षण गरिने/गराईनेछ।
६) गाउंपालिका क्षेत्रमा सरसफाईको कार्यक्रम संचालन गरिने/गराईनेछ।
७) फोहोर मैला संकलन, ढुवानी तथा तह लगाउने सम्बन्धी कामको संचालन र व्यवस्थापन गरिने/गराईनेछ।
८) गाउंपालिका क्षेत्रमा विद्युत उत्तपादन तथा वितरण गरिने/गराईने छ। पुराना लाईनको मर्मत गरिने/गराईनेछ।

**घ) शिक्षा तथा खेलकुद विकास सम्बन्धी**

१) आफ्नो स्रोतबाट गाउंपालिका क्षेत्रमा विद्यालयहरु स्थापना, संचालन र व्यवस्थापन गर्ने तथा स्थापना गर्न अनुमति दिईने छ।
२) गाउंपालिका क्षेत्रभित्र संचालन भएका विद्यालयहरुको संचालन र व्यवस्थापनमा सहयोग पुऱ्याउने र त्यस्ता विद्यालयहरुको स्थापना र खारेजीको सिफारिस गरिने छ।
३) गाउंपालिका क्षेत्रभित्र मातृभाषामा आधारभुत तहको शिक्षा उपलब्ध गराउन सहयोग गरिने छ।
४) आर्थिक दृष्टिले अत्यन्त पिछाडिएका– दलित,अपांग, उत्पीडित जनजातीहरुका छात्र-छात्राहरुलाई छात्रबृत्ति दिने व्यवस्था मिलाईने छ।
५) गाउंपालिका स्तरीय प्रौढ शिक्षा तथा अनौपचारीक शिक्षा सम्बन्धी कार्यक्रम तयार गरि कार्यान्वयन गर्ने/गराईने छ।
६) गाउंपालिका क्षेत्रमा पुस्तकालय तथा वाचनालयको स्थापना, संचालन तथा व्यस्थापन गरिने छ।
७) खेलकुद विकास कार्यक्रमहरु बनाई कार्यान्वयन गर्ने गराईने छ।
८) गाउंपालिका स्तरीय खेलकुद विकास समिति गठन गरि खेलकुदको विकास गर्ने गराईने छ।
९) प्राविधिक धारको शिक्षा संचालन गर्न प्रोत्साहित गरिनेछ।

**ङ) संस्कृति सम्बन्धी**

१) गाउंपालिका क्षेत्रभित्रका सांस्कृतिक तथा धार्मिक महत्वका स्थानहरुको लगत तयार गरि तिनिहरुको मर्मत सम्भार गरि संरक्षण र सम्वर्धन गर्ने गराईने छ।
२) गाउंपालिका क्षेत्रभित्रका पुरातात्विक वस्तु, भाषा, धर्म, कला र संस्कृतिको संरक्षण, सम्बर्द्धन एवम् प्रयोग गर्ने गराईने छ।
३) सांस्कृतिक पर्यटनको विकास गरिनेछ।

**च) निर्माण तथा यातायात सम्बन्धी**

१) गाउंपालिका क्षेत्रभित्र नेपाल सरकारको जिम्मा भित्र रहेको सडकबाहेक आवश्यक पर्ने कच्ची, पक्की सडक, पुल, कल्भर्टहरुको योजना बनाई निर्माण तथा मर्मत सम्भार गर्ने गराईने छ।
२) गाउंपालिका क्षेत्रभित्र बसपार्क, ट्रक आदिको पार्किङ्गको व्यवस्था गर्ने गराईने छ
३) गाउंपालिकाको यातायात आवश्यकतालाई विचार गरि मालवहाक तथा सवारी साधन आदिको अधिकतम हद तोक्ने र तिनिहरुलाई दर्ता गरी नम्बर दिने व्यवस्था मिलाईने छ।
४) गाउपालिकाका हरेक वडा कार्यालय सम्म बाह्रै महिना मोटर चल्न सक्ने गरि वाटो मर्मत तथा निर्माण गरिनेछ।

**छ) स्वास्थ्य सेवा सम्बन्धी**

१) गाउंपालिका स्तरीय अस्पताल, आयुर्वेदिक औषधालय र स्वास्थ्य केन्द्रहरुको संचालन र व्यवस्थापन गर्ने गराईने छ।
२) गाउपालिका क्षेत्रभित्र स्वास्थ्य चौकि तथा उप-स्वास्थ्य चौकिहरु खोल्ने, संचालन र व्यवस्थापन गर्ने गराईने छ।
३) परिवार नियोजन, मातृशिशु, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ्य सम्बन्धी कार्यक्रमहरुको तर्जुमा र कार्यान्वयन गर्ने गराईने छ।
४) महामारी तथा संक्रात्मक रोगको रोकथामको लागि व्यवस्था मिलाईने छ।
५) गाउंपालिका क्षेत्रमा जनस्वास्थ्यको लागि हानिकारक चीजबस्तुको सार्बजनिक प्रयोगमा रोक लगाउने वा हटाउने व्यवस्था गरिने छ।
६) जनस्वास्थ्यमा प्रतिकुल असर पर्ने उपभोग्य बस्तुको बेचबिखन र उपभोगमा रोक लगाईने छ।

**ज) समाज कल्याण सम्बन्धी**

१) बेवारिस मृतक व्यक्तिको दाह संस्कारको व्यवस्था गर्ने, टुहुरा, असाहय तथा अनाथहरुको लागि अनाथालयको व्यवस्था गर्ने प्रवन्ध मिलाईने छ ।

२) महिला तथा वालवालिकाको हित र कल्याण सम्बन्धी कार्यक्रम संचालन गर्ने तथा अनैतिक पेशा व्यापार नियन्त्रण सम्बन्धी कार्य गर्ने गराईने छ ।

**ञ) विविध**

१) गाउंपालिका क्षेत्रको सडकको दायाँ बायाँ र अन्य आवश्यक ठाउँमा बृक्षारोपण गर्ने गराईने छ ।

२) कान्जी हाउस, पशुवधशाला राख्ने स्थानको निर्धारण र व्यवस्थापन गर्ने गराईने छ ।

३) गाउंपालिका क्षेत्रको ऐलानी तथा सरकारी पर्ति जग्गाहरुको संरक्षण गर्ने गराईने छ ।

४) मसान घाटको निर्धारण र व्यवस्थापन गर्ने गराईने छ ।

५) व्यापार तथा वाणिज्यको विकासको लागि काम गर्ने गराईने छ ।

६) गाउंपालिकाको विनियम तर्जुमा गरि गाउंसभामा पेश गरिनेछ ।

७) दैवीप्रकोप नियन्त्रण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था मिलाईने छ ।

८) गाउंपालिका क्षेत्रभित्रको जनसंख्या तथा घर जग्गाको लगत राखिनेछ ।

९) प्रचलित कानुनबमोजिम जन्म, मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता गर्ने गराईने छ ।

१०)गाउंपालिका क्षेत्रभित्रका असहाय, अनाथ र अपाङ्ग बालवालिकाहरुको लगत राख्ने र तिनिहरुलाई उपयुक्त ठाउँमा राख्ने व्यवस्था मिलाईने छ ।

११) बहुला तथा छाडा कुकुरको व्यवस्थापन गरि सार्बजनिक हितको सुरक्षा गर्ने र मरेका पशुपंक्षी राख्ने ठाउँको व्यवस्था मिलाईने छ ।

१२) खतरा उत्पन्न गर्ने रुख काट्ने कटाउने तथा घर पर्खाल आदि भत्काईने भत्काउन लगाईने छ ।

१३) गाउंपालिका क्षेत्रको घरको ब्लक नम्बर अद्यावधिक राख्ने व्यवस्था मिलाईने छ ।

१४) पशुबधशालाको प्रबन्ध गरिने छ ।

१५) छाडा पशु पक्राउ गरि लिलाम विक्रि गरिने छ ।

१६) गल्ली तथा सडकमा बत्तीको व्यवस्था मिलाईने छ ।

१७) गाउंपालिका क्षेत्रमा एफ.एम रेडियो, टेलिभिजन, बैक तथा वित्तिय संस्था, केवल नेटवर्क, सिनेमा हल आदि खोल्न अभिप्रेरित गरि स्वीकृति दिईने छ ।

१८) हाट, बजार मेला आदिको प्रबन्ध गर्ने गराईने छ ।

१९) बारुण यन्त्रको व्यवस्थापन गर्ने गराईने छ ।

२०) कुनै विशिष्ठ व्यक्तिलाई गाउंपालिकाको सम्मानार्थ विशिष्ठ व्यक्तिको रुपमा सम्मान प्रदान गरिने छ ।

२१) गाउंपालिका क्षेत्रको विकास सम्बन्धी अन्य कामहरु गर्ने गराईने छ ।

२२) सहकारिताको विकासको लागि सहयोग पुऱ्याईने ।

२३) गाउंपालिकालाई आय-आर्जन हुने सहकारी, औद्योगिक तथा व्यवसायिक कार्यक्रम निजी क्षेत्रको समेत लगानीमा संचालन गर्न प्रोत्साहित गर्ने गराईने छ ।

२४) सहकारितामा आधारित विविध कार्यक्रमहरु तर्जुमा गरि संचालन गर्ने गराईने छ ।

२५) प्रचलित कानुन बमोजिम तोकिएका अन्य कामहरु गरिने छ ।

**विविध**

**माथि उल्लेखित कार्यको अतिरिक्त गाउंपालिका क्षेत्रमा देहायबमोजिमका ऐच्छिक कामहरु समेत गर्ने गराईने छ ।**

क) गाउंपालिका क्षेत्रभित्र स्तरयुक्त विद्यालय शिक्षा उपलब्ध गराउन आवश्यक व्यवस्था मिलाईने छ ।

ख) गाउंपालिका क्षेत्रबाट निरक्षरता निर्मूल पार्न साक्षरता कार्यक्रमहरु संचालन गर्ने राईने छ ।

ग) गाउंपालिका क्षेत्रका विभिन्न ठाउँहरुमा पुस्तकालय तथा वाचनालयहरु स्थापना गरि संचालन गर्ने/गराईनेछ

घ) गाउंपालिका भित्र अव्यवस्थित बसोबास नियन्त्रण गर्ने गराईने छ ।

ङ) निर्देशित जग्गा विकास, भु-उपयोग जस्ता कार्यहरुको माध्यमबाट गाउंपालिकाको बनावट तथा विकासलाई व्यवस्थित तुल्याउने छ ।

च) वृद्ध तथा अनाथ आश्रमहरुको व्यवस्था गर्ने गराईने छ ।

छ) विद्युत आपुर्ति र सञ्चार सुविधाको व्यवस्था मिलाउने छ ।

ज) गाउंपालिकामा मनोरञ्जन स्थल, क्रिडास्थल, संग्राहलय, चिडियाखाना, पार्क आदिको व्यवस्था मिलाउने छ ।

झ)बेरोजगारी कम गर्न बेरोजगारहरुको तथ्याङ्क संकलनगरि रोजगारमुलक कार्यक्रमहरु संचालन गर्ने गराईनेछ ।
ञ) प्रदुषण नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गर्ने गराईने छ ।
ट) गाउंपालिका क्षेत्रमा एम्बुलेन्स सेवा व्यवस्थापन गरिनेछ ।
ठ) गाउंपालिका क्षेत्रमा सववहानको व्यवस्था मिलाउने छ ।
ड) दैवीप्रकोपबाट हुने जनधनको क्षती कम गर्न निरोधात्मक तथा उद्धारका कार्यहरु गर्ने व्यवस्था मिलाईने छ ।
ढ) गाउंपालिका क्षेत्रमा गर्नुपर्ने विकास निर्माण कार्यको लागि उपभोक्ता समुह तथा अन्य गैरसरकारी संस्थाहरुलाई प्रोत्साहित गरि यथासम्भव त्यस्ता समुह वा संस्थाहरु मार्फत गर्ने गराईने छ ।

## खण्ड-ख

## गत आर्थिक वर्ष २०७३/०७४ को समिक्षा

**परिचय/पृष्ठभुमी**
गत आर्थिक वर्ष २०७३/०७४ मा गाउंपालिकाबाट संचालित योजना तथा कार्यक्रमहरुको वारेमा समिक्षा गर्दा देहाय बमोजिम पाईयो ।

**क्षेत्रगत उपलब्धीहरु**
**क) सुचना प्रविधि** : सामाजिक सूरक्षा सेवा व्यवस्थापन सम्बन्धी वेवमा आधारित सफ्टवेयर प्रयोगमा ल्याईएको

**ख) लेखापरिक्षण** : समयमा लेखा परिक्षण कार्य सम्पन्न भएको ।

ग) **प्रशासनिक क्षेत्रमा प्रक्रियागत सुधार**
वडा कार्यालय सञ्चालन तथा व्यवस्थापन गरि नागरिक वडापत्र परिमार्जन गरि टाँस गरिएको, सार्वजनिक परिक्षण कार्य सम्पन्न भएको, सार्वजनिक सुनुवाइ भएको, खप्ने र नखप्ने जिन्सी खाताको व्यवस्था गरिएको, खप्ने सामानको कोडिङ समेत गरिएको ।

**घ) खरिद कार्य** : बार्षिक खरिद योजना बनाई नियमानुसार व्यवस्थित भएको ।

**ङ) वित्त क्षेत्र** : तुलनात्मक हिसाबले खर्च गर्ने क्षमतामा सुधार भएको ।

**च) राजश्व क्षेत्र** : उल्लेख्य प्रगति भै संस्थागत क्षमता अभिबृद्धि, भएको ।

**छ) गाउंपालिका योजना**
शहरी योजना क्षेत्र तर्फ : यस गाउंपालिकामा योजनाबद्ध विकास प्रक्रियालाई मुलप्रबाहिकरण गर्ने कार्यको पहल गरिदै आएको, बजेट, योजना तथा कार्यक्रम र वार्षिक कार्ययोजना लगायत अन्य विषयगत निति, रणनिति तथा कार्यनितिहरु आवश्यकताअनुसार निमाणको लागि पहल गरिदै आएको, बजेट, योजना तथा कार्यक्रमहरुको कार्यान्वयनमा सहजता प्रदान गरिदै आएको, गाउंपालिकाको एकिकृत वस्तुगत विवरण तयार गरीएको ।

.

**ज) सामाजिक विकास तथा जनस्वास्थ्य क्षेत्र**
गाउंपालिका क्षेत्र खुल्ला दिसा मुक्त घोषण भएको, पूर्ण खोप सुनिश्चित, पूर्ण साक्षर घोषणा भै सकेको, सामाजिक सुरक्षा भत्ता वितरण भएको, नेपाल सरकारले अपाङ्ग परिचय पत्र उपलब्ध गराएकाले अपाङ्ग भत्ता पाएको ।

**झ) सार्वजनिक निर्माण क्षेत्र**
आ.ब २०७३/७४ मा विभिन्न ग्रमिण सडकहरुको स्तरोन्नती भएको, सडक मर्मत गरिएको ।

**ञ)प्रकोप व्यवस्थापन**
भुकम्प प्रभावितहरुको लागि राहतको व्यवस्थापन गरिएको ।

**झ) भवन निर्माण नियमन** : घर नक्सा पास कार्यविधि निर्माण गरि भवन मापदण्ड लागु गर्न तयारी गरेको ।

**गाउंपालिका विकासको अवसर र सम्भावना**

- नेपाल सरकारबाट तोकिएको योजनामा प्राप्त हुने थप बजेटले विकास निर्माणमा थप टेवा पुग्न गएको छ ।
- गाउंपालिकामा शिक्षा, स्वास्थ्य, बालबालिका लगायत विभिन्न क्षेत्रमा काम गर्ने गैससहरु कृयाशिल रहेको अवस्थामा यथोचित समन्वय र परिचालन गर्न सकेमा गाउंपालिकाको विकासमा टेवा पुग्ने देखिन्छ ।
- गाउंपालिका सडक यातायात गुरुयोजना चाडै कार्यान्वयनमा आउने सम्भावना छ ।
- यहाँका सामुदायिक वनमा विभिन्न घाँस, जडिबुटी गरि स्थानिय समुदायको आय आर्जन बढाउन सकिने सम्भावना रहेको छ ।
- धार्मिक, पौराणिक तथा पर्यटकिय स्थलहरुको रुपमा विकास गर्न सकिने प्रसस्त सम्भावना रहेको छ ।
- कृषिजन्य उत्पादनमा आधारित प्रशोधन उद्योगहरु स्थापना गर्न सकिनेछ ।
- कृषि उत्पादन, बेमौसमी तरकारी, फलफुल उत्पादनको प्रचुर सम्भावना रहेको छ ।

## खण्ड ग
## आ.व. ०७४/७५ तथा आ.व. ०७४/७५ को गाउपालिकाको प्रमुख नीति, मार्गदर्शन तथा कार्यक्रमहरु :

**गाउंपालिका विकास योजनाका प्रमुख नीतिहरु**
**क) भौतिक पुर्वाधार विकास नीति**

स-साना सडकहरुमा रकम लगानी गर्दा रकम छरिन गई अपेक्षित प्रतिफल प्राप्त हुन नसक्ने भएकाले क्षेत्रगत सन्तुलनलाई ध्यान दिदै महत्वपुर्ण मानिएका र सडक गुरुयोजनामा परेका गौरवका आयोजनालाई प्राथमिकताका साथ रकम विनियोजन गर्ने नीति लिइएको छ । ग्रामिण सडक सञ्जाल निर्माण तथा सिचाई आयोजनाहरु छनोट गर्दा कृषि, ब्लक र पकेट क्षेत्रलाई आधार लिइनेछ । मर्मत संभार कोषको उचित व्यवस्थापन गरिनेछ । यातायात गुरुयोजना तयार गरि कार्यान्वयनमा ल्याइनेछ । अपाङ्गमैत्री संरचनामा जोड दिइनेछ । छथर जोरपाटी चक्रपथ निर्माणको लागि उचित वजेटको व्यवस्था मिलाई चालु आ.व. देखि नै चक्रपथ निर्माण कार्यको प्रारम्भ गरिनेछ ।

**ख) खानेपानी तथा सरसफाई**
खानेपानी तथा सरसफाईको क्षेत्रमा कठिनता मापन गरि खानेपानी तथा सरसफाई सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ । खानेपानी तथा सरसफाई सम्बन्धी रणनीति बनाई गाउसभाबाट स्वीकृत गरि लागु गरिनेछ । उक्त लक्ष्यलाई मुर्तरुप दिन सरकारी, गैरसरकारी, निजी क्षेत्र, नागरिक समाज, संचारकर्मी समेतको सहयोग र सहकार्यमा यस कार्यलाई अभियानको रुपमा अगाडि बढाउने नीति लिइने छ । खानेपानी तथा सरसफाई सम्बन्धी कार्यक्रम संचालन गर्दा खानेपानी स्वच्छता तथा सरसफाई रणनीतिलाई अवलम्बन गरिनेछ । POST ODF कार्यक्रम संचालन गरिनेछ । सरसफाई सम्वन्धि बानी व्यवाहार परिवर्तन गर्न स्थानीय गाउपालिकाको अगुवाइमा जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । सो को लागि आवश्यक वजेटको व्यवस्था मिलाईनेछ ।

**ग) विपद व्यवस्थापन तथा भु-संरक्षण**
प्रकोपबाट गाउंवबसीको सुरक्षाको लागि समयमा प्रकोप सुचना प्रबाह तथा प्रकोप क्षेत्रमा समयमै उद्धार तथा राहत कार्यक्रम संचालन गरिनेछ । साथै सचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ । गाउंपालिकाको विपद पुर्व तयारी तथा प्रतिकार्य योजना कार्यान्वयनको लागि आवश्यक बजेटको व्यवस्था गरिनेछ । कटान तथा भु-क्षय नियन्त्रणको लागि कार्यक्रम संचालन गर्न आवश्यक पहल गरिनेछ ।

**घ) विद्युत तथा बैकल्पिक उर्जा**

गाउपालिका क्षेत्रलाई उज्यालो बनाउन उर्जाको प्रयोग गर्ने नीतिलाई विभिन्न सार्वजनिक निजी साझेदारी मार्फत कार्यान्वयनमा ल्याउन आवश्यक पहल गरिनेछ। बैकल्पिक उर्जाको अवस्था, सम्भावना र अवसरहरुको पहिचान तथा व्यवस्थापन गरिनेछ।

**ङ) शिक्षा तथा खेलकुद**

प्राथमिक उमेर समुहका सम्पुर्ण बालबालिकाहरुलाई विद्यालय भर्ना गर्न गराउन प्रोत्साहन गरि साक्षरता प्रतिशतमा सुधार गरिनेछ। राष्ट्रिय साक्षरता अभियानलाई उपलब्धिमुलक बनाउन शिक्षा क्षेत्रमा क्रियाशिल सरकारी तथा गै.स.स.हरुसँग सहकार्य र समन्वय गर्दै अनुगमन, मुल्याङ्कन पद्धतिलाई व्यवस्थित र सुदृढ तुल्याइनेछ। गाउंपालिकामा खेलकुद विकास कोष खडा गरि खेलकुद विकासमा जोड दिइनेछ। गाउंपालिका स्तरीय खेलकुद विकास समिति मार्फत खेलकुद कार्यक्रममा सहयोग गरिनेछ। सामुदायिक विद्यालयहरुमा भौतिक पुर्वाधार विकास तथा स्तरोन्नतिको लागि विकास साझेदारहरुसँग समन्वय गरि श्रोतको व्यवस्थापन गरिनेछ। माध्यमिक शिक्षालाई क्रमशः व्यवसायिक र प्राविधिक धार तर्फ लैजान जोडा दिईनेछ।

**च) स्वास्थ्य**

गाउंपालिका अन्तरगतका स्वास्थ्य संस्थाहरुमा क्रमश चौविसै घण्टा प्रसुती सेवा संचालनको आवश्यक साधन श्रोतको व्यवस्थाको लागि सम्बन्धित मन्त्रालयमा अनुरोध गरिनेछ। HIV/AIDS नियन्त्रणको लागि यस क्षेत्रमा क्रियाशिल संघसंस्थाहरु बिचको समन्वयलाई सुदृढ तुल्याइनेछ। गाउपालिका क्षेत्र भित्र पोषण अवस्थामा सुधार ल्याउन बहुसरोकारवाला पोषण योजना कार्यान्वयन गर्न आवश्यक पहल गरिनेछ। गाउंघर क्लिनिक, ल्याब तथा एक्सरे सेवाको विस्तार गरिने छ। ८० वर्ष माथिका जेष्ठ नागरिकहरुलाई घर घरमा स्वास्थ्य जांचको प्रवन्ध मिलाईएको छ।

**छ) वन, वातावरण तथा जलवायु परिवर्तन**

सडक निर्माण गर्दा दुवैतर्फ वृक्षारोपण गर्ने नीति लिइनेछ तथा Environment Management Plan (EMP) बनाई कार्यान्वयन गरिनेछ। वृक्षारोपण तथा भु-संरक्षण कार्य गर्दा साझेदारीमा गर्ने नीति लिइनेछ। जलवायु परिवर्तनबाट पर्नसक्ने प्रभाव न्युनिकरण गर्न सरोकारवाला निकाय, गैसस तथा विकास साझेदार सँग समन्वय र सहकार्य गरि स्थानीय जलवायु परिवर्तन अनुकुल कार्ययोजना तर्जूमा गरि कार्यान्वयनमा ल्याइनेछ। वातावरण मैत्री विकास पुर्वाधार निर्माणमा जोड दिइनेछ। हरीत सहरको अवधारणा अनुरुप पार्क निर्माण, विकास र प्रर्वद्धनमा जोड दिइनेछ।

**ज) कृषि तथा पशु**

निर्वाहमुखी खेती प्रणालीलाई व्यवसायिक कृषि प्रणालीतर्फ उन्मुख गर्ने नीति लिइनेछ। उन्नत खालका पशुपालनमा प्रोत्साहित गरिनेछ। सामुहिक कृषि प्रणलीलाई प्रोत्साहित गरिनेछ। यसलाई उत्पादकत्व बृद्धिको आधार बनाइनेछ। सार्बजनिक निजी र सहकारीको साझेदारीमा गाउंपालिकाको मध्य क्षेत्रमा शीत भण्डार स्थापना गर्न पहल गरिनेछ। कृषि पकेट क्षेत्रलाई आधार लिई एकिकृत रुपमा सुविधा विस्तार गरि उत्पादन र उत्पादकत्व वृद्धि गर्न कार्यक्रम संचालन गरिनेछ।

**झ) व्यवस्थित बस्ती बिकास**

समुदायको अग्रसरतामा एकिकृत वस्ती विकासलाई प्रोत्साहित गरिनेछ। समुदायको अग्रसरतामा एककिृत वस्ती विकास गर्न प्राविधिक सहयोग प्रदान गरिनेछ।

**ञ) पर्यटन**

पर्यटन प्रबर्द्धनको लागि गाउंपालिका क्षेत्र भित्र रहेका सम्भाव्य पर्यटन क्षेत्रको पहिचान गरि प्रमुख पर्यटकिय स्थलहरुको प्रचार प्रसार, मेला महोत्सव, होमस्टे कार्यक्रम आदि व्यवस्थापन गरि सञ्चार माध्यम एवं ब्रोसर निर्माण मार्फत समेत पर्यटन विकास गरिनेछ।

**ट)सुशासन तथा संस्थागत विकास**

गाउंपालिकाबाट जनतालाई उपलब्ध गराइने सेवा सुविधाको विस्तृत विवरण समाबेश भएको गाउंपालिका बडापत्र तयार गरिनेछ। संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन, प्रगति समिक्षा, समन्वय बैठक, सार्बजनिक सुनुवाई, सामाजिक परिक्षण आदि मार्फत सुसासनमा जोड दिइनेछ।

**ठ) लक्षितवर्ग तथा समाबेशीकरण**

लक्षित वर्ग तथा समाबेशीकरण तर्फ लक्षित समुदायलाई सशक्तिकरण गरि माँगमा आधारित कार्यक्रम अझ प्रभावकारी रुपमा संचालन गरिनेछ । बालश्रम उन्मुलन तथा बाल अधिकारीसँग प्रत्यक्ष सम्बन्ध राख्ने कार्यक्रमलाई अगाडि बढाइनेछ । ८० वर्ष माथिका जेष्ठ नागरिकको घर घरमा स्वास्थ्य जांच गर्ने व्यवस्था मिलाईनेछ ।

**ड) मानव संशाधन विकास**

गाउंपालिकामा संचालन हुने कार्यक्रमहरुमा प्रभावकारिता ल्याउन गैसस डेस्क सुदृढीकरण गरि गाउंपालिकाको विकास निर्माणमा गैससको भुमिकालाई प्रभाबकारी बनाउने कार्य गरिनेछ । यसको लागि गैसस सँगको साझेदारीमा कार्यक्रम संचालन गरिनेछ । जनतामा प्रबाह गरिने सेवालाई थप प्रभावकारी बनाउन सो कार्यमा संलग्न जनशक्तिको क्षमता विकास सम्बन्धि कार्यक्रमहरु संचालन गरिनेछ ।

**ढ) सहकारी, गरिवी न्युनिकरण तथा उद्यमशीलता विकास**

विपन्न लक्षित समुहका लागि आयमुलक तथा सीपमुलक कार्यक्रम साझेदारीमा सञ्चालन गरिनेछ । सहभागिताको माध्यमबाट ग्रामिण गरिबी न्युनिकरण एबं सामाजिक पुँजी निर्माणमा जोड दिइनेछ । गरिबी निवारण कोषको विभिन्न सामुदायिक संस्थामा रहेको रकम सहकारीकरण गरि आयमुलक कार्यक्रममा उक्त रकम परिचालन गर्न पहल गरिनेछ । लघु उद्यमको विकासको माध्यमबाट गरिबी निवारण गर्न चालू आ.ब देखि गरिवी निवारणका लागि लघु उद्यम कार्यक्रम र उद्योग वाणिज्य संघ मार्फत संचालित लघु उद्यम कार्यक्रम संचालनमा जोड दिइनेछ ।

**ण) अन्य नीतिहरु**

- गाउंपालिकाको आवधिक योजना, यातायात गुरुयोजना, पर्यटन नीति, घर नक्सापास मापदण्ड तथा कार्यविधि, टोल विकास संस्था गठन संचालन र व्यवस्थापन कार्यविधि निर्माण गरि गाउंसभाबाट स्वीकृत गराई लागु गरिनेछ । उर्जा तथा वायो ग्यांस योजना निर्माण गरि व्यवस्थापन गरिने छ । गाउंपालिकाको भुउपयोग नीति निर्माण गरि कार्यान्वयनमा ल्याईने छ ।
- निर्वाचित जन प्रतिनीधिहरुको पारिश्रमिक, बैठक भत्ता तथा अन्य सुविधाको निमित्त आवश्यक बजेट विनियोजन गरिको छु
- उत्कृष्ट कर्मचारीहरुलाई पुरस्कृत गर्ने कार्यको थालनी यसै प्रथम गाउंसभा बाटै शुरुवात गर्ने नीति लिएको छु ।
  कर्मचारीहरुलाई आफ्नो काम र जिम्मेवारी प्रति उत्प्रेरणा प्रदान गर्न थप प्रोत्साहन भत्ता दिने व्यवस्था मिलाएको छु । कर्मचारीहरुले कार्यालय समय भन्दा अघि पछि तोकिएको निश्चित समय र सार्वजनिक विदाको दिन कार्यलयको काम गर्दा अतिरिक्त सुविधा दिने व्यवस्था समेत मिलाएको छु ।
- कार्यरत सवै सामाजिक परिचालकहरुलाई एकरुपता कायम हुने गरि प्रोत्साहन भत्ता दिने नीति लिएको छु ।
- सुरक्षित वस्ति विकास तथा सफा शहर निर्माणको नीति अवलम्वन गर्ने नीति लिएको छु ।
- एक गाउं एक उत्पादन तथा एक गाउं एक पोखरी निर्माणको नीति क्रमश कार्यान्वयन गर्दै लैजाने नीति लिएको छु ।
- गाउंपालिकाको आन्तरीक आम्दानी वढाउन वैज्ञानिक कर प्रणाली एकिकृत सम्पति कर चालु आ.व. देखि नै लागु गर्ने नीति लिएको छु ।
- विकास निर्माणको कार्यमा आम उपभोक्ताको अपनत्व र दीगो पनाको लागि उपभोक्ताहरुबाट तोकिए बमोजिम नगद वा जन श्रमदान सहितको सहभागिता गराउने चालु आ.व. देखि नै लागु गर्ने नीति लिएको छु ।
- माध्यमिक शिक्षालाई क्रमश व्यवसायिक र प्राविधिक धार तर्फ लैजान जोड दिईने छ ।

## खण्ड घ

## गाउंपालिका विकास योजना छनोटका आधार तथा सुचकहरु

**क) योजना प्राथमिकरणका आधारहरु**

- नेपालको संविधानमा उल्लेखित साझा तथा एकल अधिकार क्षेत्रलाई समेत मध्यनजर राखि देहायका योजनालाई प्रथमिकता दिईएको छ ।
- वडा समितिबाट प्राथमिकताक्रममा छनौट तथा सिफासि भई आएका गाउंसभाले बजेट विनियोजन गर्न नसकिएका ठूला योजना तथा कार्यक्रमहरु राष्ट्रिय योजना आयोग एवं विषयगत मन्त्रालय/निकायमा सिफारिस साथ पठाईनेछ ।
- स्वच्छ वातावरण र स्वस्थ जनजीवनको लागि खानेपानी तथा सरसफाईको आवश्यकतालाई आत्मसात गर्दै खानेपानी सुविधा उपलब्ध गराउने र पूर्णसरसफाई कार्यक्रम तर्जुमा गरिनेछ ।

- कृषि क्षेत्रको विकास विना यस क्षेत्रको जनजीवनको जीविकोपार्जनमा कठिनाई हुने हुदा उत्पादनमा बृद्धि गर्ने, उत्पादनशील रोजगारको अवसरमा वृद्धि गर्ने र निर्वाहमुखी खेतीलाई व्यवसायिकता तर्फ उन्मुख गराउने गरि कार्यक्रम संचालन गर्न आवश्यक बजेटको व्यवस्था गरि योजना तर्जुमा गरिएको छ ।
- समतामुलक समाजको स्थापनाको लागि समाजमा रहेका दलित, गरिब, उपेक्षित, उत्पीडित, अपाङ्ग एवं अल्पसंख्यक समुदायको उत्थान गर्नु अति आवश्यक छ । त्यसै गरि जेष्ठ नागरिक, महिला तथा बालबालिकाको क्षेत्रमा आवश्यक वजेटको व्यवस्था गरि कार्यक्रम संचालन गरिनेछ ।
- गाउपालिका क्षेत्रको विकासलाई ध्यानमा राखी स्थानिय तहहरुमा अनुदानको प्रबाह बढिरहेको छ । त्यस प्रकार अनुदानको सहि सदुपयोगको लागि स्थानिय नागरिक समाज, राजनैतिक दलका प्रतिनिधिहरु, गाउंपालिकाका कर्मचारीहरुको क्षमता विकास गरि उल्लेखित कार्यक्रमहरु संचालनमा जोड दिने ।
- मानव बेचविखन तथा महिला हिंसा विरुद्धका कार्यक्रमहरु, HIV/AIDS, लागु औषध दुर्व्यसन विरुद्धका कार्यक्रमहरु संचालन गरिने छ ।
- पुर्वाधार निर्माण, आय आर्जन लगायतका काममा सम्भब भएसम्म उपभोक्ता समिति परिचालन गरि कार्य गराउन प्राथमिकता दिई, उपभोक्ता समितिबाट काम गराउदा सार्बजनिक लेखापरिक्षण गर्ने व्यवस्था मिलाईने छ ।
- विकास आयोजनामा पुँजीगत खर्च गर्दा प्रति ईकाई लागतको आधारमा बढी उपलब्धि हुने गरि खर्च गर्ने व्यवस्था गरिने छ । समपुरक कोष (Matching Fund) को लागि आवश्यक रकम विनियोजन गरि अन्य कार्यक्रममा रकम विनियोजन गरिएको छ । कार्यालयले आफ्नो वार्षिक कार्यक्रम र कार्य योजना प्रथम चौमासिक अवधि भित्र निर्माण गरिसक्ने र सबै विषयगत योजना तथा कार्यक्रम र परियोजनाहरु मध्ये २ लाख भन्दा बढी लागतका योजनाहरुको नाम, लागत, कार्य संचालन गर्न लाग्ने निकायको नाम, ठेगाना, कार्य सम्पन्न पश्चात प्राप्त हुने उपलब्धी वा प्रमाणिकरण सबै साधारणतया सरोकारवाला सबैले देखिनेगरि सार्बजनिक रुपमा राख्ने व्यवस्था मिलाईने छ । भौतिक संरचनाको एकिकरण र समायोजन गरिनेछ । मानब संशाधन विकासको लागि शिक्षा, स्वास्थ्य तथा खानेपानी, सरसफाईको क्षेत्रमा लगानी गरिनेछ ।
- **योजना तर्जुमाका क्रममा प्राथमिकिकरणका आधारहरु**
- बढी भन्दा बढी उपभोक्ता समुहहरुको सहभागिता हुने र श्रम प्राप्त हुने ।
- सर्बसाधारण जनतालाई तत्काल प्रत्यक्ष फाइदा पुग्ने रोजगार प्रबर्द्धन हुने र आयमुलक कार्यक्रमहरु ।
- कृषि उत्पादन वृद्धि गर्न सहयोग पुग्ने कार्यक्रमहरु ।
- स्थानिय साधन सीप र क्षमताका परिचालनबाट संचालन हुन सक्ने कार्यक्रमहरु ।
- पिछडिएका तथा उत्पीडित जाती, जनजाती तथा महिला बालबालिकाको लागि आयमुलक तथा सीपमुलक कार्यक्रमहरु ।
- मुलतः राष्ट्रिय योजना आयोगको मार्गदर्शन, संघिय मामिला तथा स्थानिय विकास मन्त्रालय एवं विषयगत मन्त्रालय/निकायको निर्देशनको पालना गर्दै सेवाग्राहीको माग, वडाको सिफरिस साथै वडाहरु, जि.स.स. र राजनैतिक दलको सुझावका आधारमा योजनाको प्राथमिकीकरण एवं छनौट गरिएको छ ।

## खण्ड - ङ

## सहभागितामुलक योजना तर्जुमा प्रक्रिया

गाउ कार्यपालिकाको बैठक, पूर्व योजना तर्जुमा गोष्ठि, राजश्व परामर्श समितिको बैठक, श्रोत अनुगमन तथा वजेट सीमा निर्धारण समितिको बैठक, बस्ती स्तरीय योजना तर्जुमा वैठक, वडा स्तरीय योजना तर्जुमा वैठक, बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक, गाउंकार्यपालिकाको बैठक हुँदै योजना तर्जुमालाई पारदर्शि र सहभागिता मुलक, आवश्यक्ता र मांगमा आधारीत बनाउने योजना तर्जुमाको प्रक्रिया अवलम्वन गरिएको छ ।

### योजना तर्जूमा प्रकृयामा देखिएका समस्या तथा सुझावहरु

- गाउंपालिकामा प्राप्त हुने बजेट जनताको मागको आधारमा साह्रै न्युन हुने हुँदा नेपाल सरकार तथा अन्य दातृ निकायबाट सहयोग बढाउनु पर्ने ।

- गाउंपालिकामा विकाससँग सम्बन्धित काम गर्ने संघ/संस्थाहरुले एक आपसमा समन्वय गरि एकीकृत रुपमा कार्य संचालन गर्न नसकेको हुँदा सो को लागि गैसस समन्वय समिति गठन गरि विषयगत तथा एकीकृत रुपमा कार्यक्रम संचालन गर्नूपर्ने ।
- अनुगमन मुल्याङ्कनको लागि गाउंपालिका स्तरिय अनुगमन तथा मुल्याङ्कन समितिबाट सबै विद्यालय तथा गैर सरकारी संस्थाहरुको अनुगमन तथा मुल्याङ्कन गर्ने परिपाटीको विकास गर्नुपर्ने ।

अन्तमा गाउं विकास योजना तर्जुमाको प्रकृयामा सक्रिय सहभागिता जनाउनु हुने राजनीतिक दलका प्रमुख एवं प्रतिनिधिहरु, विषयगत समितिका पदाधिकारीहरु, एवं पूर्व जनप्रतिनिधिहरु, उद्योग वाणिज्य संघका पदाधिकारीहरु, समाज सेवी एवं बुद्धिजिविहरु, पत्रकार, ज्येष्ठ नागरिक, गाउं कार्यपालिकाको कार्यालयका कर्मचारीहरु लगायत सम्पूर्ण महानुभावहरु प्रति आभार व्यक्त गर्दै धन्यवाद दिन चाहन्छु । प्रस्तुत् नीति तथा कार्यक्रम वजेट माथि यस सम्मानित सभामा छलफल भई पारित तथा कार्यान्वयनमा समेत सहयोगको लागि सम्पूर्ण सदस्य ज्युहरु समक्ष अनुरोध गर्दै विदा हुन चाहन्छु ।

**धन्यवाद !**

प्रस्तोता अध्यक्ष श्री शेरबहादुर लिम्बु
छथर जोरपाटी गाउंपालिका, धनकुटा ।